संयुक्त प्रेस विज्ञप्ती

भरतपुर महानगरपालिका र मित्रराष्ट्र चीनस्थित सेन्ट्रल साउथ विश्वविद्यालयबीच शैक्षिक सहकार्यको सम्झौता सम्बन्धी पत्रमा एक समारोहका बीच हस्ताक्षर सम्पन्न भएको छ । सेन्ट्रल साउथ विश्वविद्यालय चीनको एक ख्यातिप्राप्त विश्वविद्यालय हो । स्नातकोत्तर र विद्यावारिधिमा २१७ वटा शैक्षिक कार्यक्रम र स्नातक तहमा ९४ वटा शैक्षिक कार्यक्रम संचालन भएको यस विश्वविद्यालयले भरतपुर महानगरपालिकाभित्र रहेका गरीब, असहाय तथा जेहेन्दार विद्यार्थी करिब २० जनालाई पूर्ण र ५० जना विद्यार्थीलाई आंशिक छात्रवृत्ति प्रदान गर्ने सहमति भएको छ । यस सम्वन्धी सम्झैतामा भरतपुर महानगरपालिकाको तर्फबाट महानगर प्रमुख श्री रेनु दाहाल र सेन्ट्रल साउथ विश्वविद्यालयको तर्फबाट सियाङ्या नर्सिङ स्कुलका डिन प्रोफेसर थाङ सियुआनले एक समारोहबीच सम्झैतापत्रमा हस्ताक्षर गर्नु भएको छ ।

भरतपुर महानगरपालिकाको तर्फबाट डा. विश्वास श्रेष्ठले यस सम्झौताको लागि विश्वविद्यालयसँग आवश्यक समन्वय तथा सहजीकरण गर्नु भएको थियो । शैक्षिक सहकार्य सम्वन्धी हस्ताक्षर कार्यक्रममा भरतपुर महानगरपालिका उपप्रमुख पार्वती शाह, प्रमुख प्रशासकीय अधिकृत प्रेमराज जोशी, वडा अध्यक्षहरु, शाखा प्रमुखहरु, पत्रकारहरु, विश्वविद्यालयको तर्फबाट सहप्राध्यापक सुन मे एवं डिभिजन प्रमुख छन छ्याङ्ग तथा सम्बन्धित सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

यस सम्झौताले उच्चशिक्षाको महत्व, दुई देशबीच सामाजिक, साँस्कृतिक ज्ञान आदानप्रदानका साथै जेहेन्दार विद्यार्थीहरुलाई एक विषेश अवसर सृजना गर्ने र महानगरले उच्चशिक्षा हासिल गरेका जनशक्ति प्राप्त गर्ने भरतपुर महानगरपालिकाले विश्वास लिएको छ ।

Siyuan Tang
प्रोफेसर थाङ सियुआन

डिन

सियाङ्या नर्सिङ स्कुल
सेन्ट्रल साउथ विश्वविद्यालय

रेनु दाहाल

प्रमुख
भरतपुर महानगरपालिका

मिति : २०७४/१२/२७

Scanned by CamScanner